# राजदेवी नगरपालिका
## Rajdevi Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

राजदेवी, रौतहट
Rajdevi, Rautahat,
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

सम्पर्क :
प्रमुख ९८५५०४७२५१
उप प्रमुख ९८५५०४७२५२
प्र.प्र.अ ९८५५०४७२५३

पत्र संख्या :०७९/०८०
चलानी नं. : ४८८
प्राप्त प.सं/च.नं.

मितिः- २०७९।०५।२६

## आन्तरिक आय ठेक्काको पुनः शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना ।

(प्रकाशित भएको मिति २०७९/०५/२६)

यस कार्यालयबाट आर्थिक वर्ष २०७९।०८० देखि २०८१/०८२ (३ वर्ष) कालागी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६१ बमोजिम तथा राजश्व परामर्श समितिको मिति २०७९।०२।१९ गतेको निर्णय अनुसार सूचना प्रकाशन गर्दा डुंगा ठेक्को न्यूनतम अंक भन्दा पनि कबोल अंक कम रहेकोले पुनः तपशिलमा उल्लेखित ठेक्का विवरण शर्तहरूको अधिनमा रही नेपाली नागरिकताको प्रतिलिपी सहित इच्छुक फर्म, न्यक्ति वा कम्पनीहरूवाट वा निजको प्रतिनिधिहरूले यस नगर कार्यपालिकाको कार्यालयबाट निर्धारित समयावधि भित्र तपशिल अनुसार दरभाउ पत्र दस्तुर नेपाल बैंक लिमिटेड राजदेवी शाखाको आन्तरिक राजश्व खाता नं. २६२०३०००००१००१००००००१ मा जम्मा गरेको बैंक भौचर वा नगद (पछि फिर्ता नहुने) पेश गरि दरभाउ पत्र फारम खरिद गरी रीतपूर्वकको शिलबन्दी दरभाउ पत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागी ७ (सात) दिने यो सर्वजनिक सूचना प्रकाशन गरिएको छ ।

### तपशिल

| ठेक्का नम्वर | ठेक्का विवरण | न्युन्तम अंक (मु.अ.कर वाहेक) | दरभाउ पत्र फारम दस्तुर रू | धरौटी रकम रू. |
|---|---|---|---|---|
| ४ | गडहिया डुंगा घाट (वहुवार्षिक) ३ वर्षको लागि | ८,00,000।0 | १000।- | कबोल अंकको ५% |
| ५ | कटरवन डुंगा घाट (वहुवार्षिक) ३ वर्षको लागि | १,00,000।0 | १000।- | " |

**कर, दस्तुर संकलन दररेट (मु.अ.कर वाहेक) निम्न बमोजीम रहने छ ।**

(१) ढुंगा घाटको कर दस्तुर संकलनको दर रेट ः

| क्र.सं. | विवरण | इकाई /प्रति | कर रकम रू. |
|---|---|---|---|
| १. | खाली न्यक्ति | प्रति | १०।- |
| २ | साईकल | प्रति | १०।- |

प्रलव कायस्थ
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ३ | टायर गाढा भर्ति | प्रति | ६०।- |
| ४ | टायर गाढा खाली | प्रति | ४०।- |
| ५ | ४ पांग्रे निजी/सवारी गाडी (खाली) | प्रति | २००।- |
| ६ | मोटर साईकल | प्रति | ५०।- |

**शर्त तथा बन्देज :**

१. ढुंगा घाट ठेक्काको सम्झौता मिति देखि लागु भई बहुवार्षिक (३ वर्ष) को लागि हुने छ ।

२. ठेक्काको लागी दरभाउ पत्र फारम यो सुचना प्रथम पटक प्रकाशित मितिले ७ (सात) औं दिन (मिति २०७९।०६।०१ गते सम्म राजदेवी न.पा.बाट खरिद गर्न सकिने छ र यसरी खरिद भएका दरभाउपत्र ८ (आठ) औं दिन (मिति २०७९।०६।०२) गते दिनको १२:०० वजे सम्म राजदेवी न.पा.को कार्यालय राजदेवी रौतहटमा शिलबन्दी दर्ता गर्न सकिने छ ।

३. दरभाउ पत्र फारम खरिद एवं दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिने छ ।

४. विभिन्न ठेक्काहरूको टेन्डर फारममा उल्लेख भए अनुसार कवोल अंक ठेक्का नम्वर खुलाई अलग अलग रूपमा छुटा छुटै फाराममा छुटा छुटै खाममा ठेक्काको नाम उल्लेख गरि शिलबन्दी गरि पेश गनुपर्ने छ ।

५. शिलबन्दी दरभाउ पत्र दखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन । दरभाउ पत्र दाताले कवोल गरेको रकमको अंक र अक्षरमा स्पस्ट लेख्नु पर्ने छ अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको लाई मान्यता दिईने छ ।

६. दरभाउ पत्र दाताले दरभाउ पत्र दर्ता गर्दा आफुले कवोल गरेको अंकको ५% ले हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड शाखा राजदेवी स्थित २६२०३०००००३०००००००१ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर, नगद वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) दरभाउ पत्र साथ पेश गर्नुपर्ने छ ।

७. दर्ता भएका शिलबन्दी दरभाउ पत्र सोही दिन दिनको २:०० (दुई) वजे यस कार्यालयमा सम्वन्धित कार्यालयका प्रतिनिधीहरू र दरभाउ पत्र दाताका प्रतिनिधिहरूको रोहवरमा खोलिने छ । साथै दरभाउ पत्र खोल्ने समयमा दरभाउ पत्र दाताको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न वाधा पर्ने छैन ।

८. दरभाउ पत्र स्वीकृत भई सकेपछि सकार गरेको कुल रकमको हकमा ५०% नगद जम्मा गर्नु पर्ने र ५० % को हकमा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंकको कम्तीमा २०८० असाढ महिना सम्मको म्याद भएको परफरमेन्स वौण्ड पेश गर्नु पर्ने छ । दरभाउ पत्र दाताले कवोल गरेको सम्पुर्ण रकम बुझाई सम्झौता गरेमा १०% सहुलियत स्वरूप छुट दिइनेछ ।

९. प्रचलित कानुन अनुसार ठेक्का वापत लाग्ने सम्पूर्ण कर दस्तुर ठेक्दार स्वंयमले ब्यहोर्नु पर्नेछ ।

१०. दरभाउ पत्र फारम स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. ठेक्का स्विकृत भएको मितिले ७ दिन भित्र नियमानुसार बुझाउनु पर्ने रकम बुझाई सम्झौता गरि चलन पूर्जी लिई सक्नु पर्नेछ अन्यथा ठेक्का रद्द गरि प्रचलित नियमानुसार हुनेछ ।

१२. ठेक्का सम्बन्धी कार्यालय तथा ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा राजदेवी नगरपालिकाको निर्णय अनुसार हुनेछ साथै राजदेवी नगरपालिकाले वेला वेलामा आवश्यक निर्देशन दिन सक्नेछ र उक्त निर्देशन पालना गर्नु सम्बन्धीत ठेक्दारको कर्तब्य हुनेछ ।

१३. यसमा उल्लेखीत शर्तहरू यसै वमोजीम उल्लेखित नभएको ब्यहोराको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

प्रलव कायस्थ
प्रमुख प्रशासकीय अधिकृत